# हिलिहाङ गाउँपालिका

# स्थानीय राजपत्र

(खण्ड-६) पाँचथर, कोशी प्रदेश, नेपाल, १३ आषाढ २०८० साल (संख्या-२)

**भाग- १**

**हिलिहाङ गाउँपालिका**

नेपालको संविधानको धारा २२२ बमोजिमको गाउँसभाले बनाएको तल बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**संवत २०८० सालको ऐन नं. २**

**आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यको लागि स्थानीय संञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

## आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यको लागि स्थानीय संञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** हिलिहाङ गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम हिलिहाङ गाउँ सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "हिलिहाङ गाउँपालिकाको विनियोजन ऐन, २०८०" रहने छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

**२. आर्थिक बर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**
(१) आर्थिक वर्ष २०८०/०८१ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.५०,८३,९२,४००/- (अक्षरेपी पचास करोड त्रयासी लाख बयानब्बे हजार चार सय मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त हिलिहाङ गाउँपालिका, पाँचथरको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।
तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।
(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

**४. कार्यविधि, मापदण्ड तथा मार्गदर्शन बनाउन सक्नेः** (१) यस ऐनको कार्यान्वयन गर्न स्थानीय सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ।

**५. आदेश जारी गर्न सक्नेः** (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा स्थानीय सरकारले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (२) बमोजिमको आदेश स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ।

अनुसूची–१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**संञ्चित कोषबाट विनियोजन हुने रकम**

| क्र.स. | अनुदान संख्या | शीर्षकको नाम | चालू खर्च | पूँजीगत खर्च | जम्मा खर्च |
|---|---|---|---|---|---|
| १ | | गाउँ कार्यपालिका तर्फ | ८५६७६६३७ | ९५९३९७१५ | १८१६१६३५२ |
| २ | | वडा कार्यालय तर्फ | ३४५०००० | १३३५०००० | १६८००००० |
| ३ | | विषयगत शाखा तर्फ | ३८२२९६४९ | १२५७१३९९ | ५०८०१०४८ |
| ४ | | ऋणको साँवा व्याज भुक्तानी | | | ० |
| ५ | | सशर्त अनुदान नेपाल सरकार | २१८७००००० | ४४००००० | २२३१००००० |
| ६ | | सशर्त अनुदान प्रदेश सरकार | १०७५००० | | १०७५००० |
| ७ | | विशेष अनुदान नेपाल सरकार | ५०००००० | | ५०००००० |
| ८ | | समपुरक अनुदान नेपाल सरकार | | २००००००० | २००००००० |
| ९ | | समपुरक अनुदान प्रदेश सरकार | | १००००००० | १००००००० |
| १० | | लगानी शेयर/ऋण | | | ० |
| | | **कुल जम्मा** | **३५२१३१२८६** | **१५६२६१११४** | **५०८३९२४००** |

अनुसूची–२

(दफा २ को उपदफा २ सँग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (१) बमोजिम
**संञ्चित कोषबाट जम्मा हुने आम्दानीको स्रोतहरू**

| क्र.स. | आम्दानीको श्रोत | आयका शीर्षकहरू | रकम |
|---|---|---|---|
| १ | संघीय सरकार | वित्तिय समानीकरण अनुदान | ९७६००००० |
| २ | | राजश्व बाँडफाँडबाट प्राप्त अनुदान | ८५८३३४०० |
| ३ | | सशर्त अनुदान | २२३१००००० |
| ४ | | समपूरक अनुदान | २०००००००० |
| ५ | | विशेष अनुदान | ५०००००० |
| ६ | | लगानी (सेयर/ऋण) | ० |
| | | जम्मा | ४३१५३३४०० |
| ७ | प्रदेश सरकार | वित्तिय समानीकरण अनुदान | ५९०७००० |
| ८ | | राजश्व बाँडफाँडबाट प्राप्त अनुदान | ४०४८००० |
| ९ | | सशर्त अनुदान | १०७५००० |
| १० | | समपूरक अनुदान | १०००००००० |
| ११ | | विशेष अनुदान | ० |
| १२ | | लगानी (सेयर/ऋण) | ० |
| | | जम्मा | २१०३०००० |
| १३ | स्थानीय सरकार | आ.व. ०८०/८१ को नगद मौज्दात अ ल्या | ४६९२९००० |
| १४ | | स्थानीय आन्तरिक आय प्रक्षेपण | ८९००००० |
| | | जम्मा | ५५८२९००० |
| | बजेटको कुल सिमा | | ५०८३९२४०० |

**सभाध्यक्षद्वारा प्रमाणीकरण भएको मितिः २०८०/०३/१३**